# Asian Intersex Movement
# द्वारा प्रेस बिज्ञप्ति




थाईल्याण्डको बैंककमा Intersex Human Rights Fund को आर्थिक सहयोगमा ८-११ फेबरुअरी २०१८ मा पहिलो Asian Intersex फोरम सम्पन्न भएको छ । यस फोरममा सहभागीहरुले Intersex Asia को स्थापना गरेका छन । एसियाली मानव अधिकारमा आधारित अन्तरलिंगी अधिकारकर्मी र अन्तरलिंगी संस्थाहरुको यो पहिलो क्षेत्रीय संजालले अन्तरलिंगी व्यक्ति र समुदायको अधिकार र अभियानको लागि काम गरिरहेको छ ।

यस फोरममा भारत, इन्डोनेशिया हंगकंग (चीन), म्यानमार, नेपाल, ताइवान, थाईल्याण्ड, पाकिस्तान, फिलिपिन्स र भियतनामका अन्तर्लिङ्गी संस्था तथा समुदायबाट १५ जनाको सहभागिता थियो ।

Intersex Asia को लक्ष्य एसियामा अन्तर्लिङ्गी व्यक्तिहरुको मानव अधिकारको संरक्षण र प्रवर्धन गर्नु, Asian Intersex व्यक्ति र समुदायको प्रतिनिधित्व मुलक आवाज उठाउनु, शारीरिक बिशेषता, शारीरिक गुण र आत्म निर्णयको अधिकारको सुनिश्चित गर्दै सबै ठाउँमा मानव अधिकारको संरक्षण र प्रवर्धन गर्नु हो ।

**यो क्षण एसियामा अन्तर्लिङ्गी अभियानको लागि महत्वपूर्ण समय हो किनभने एसियामा अन्तर्लिङ्गी मानव अधिकारको पहिचान र दृष्यताको ऐतिहासिक क्षण हो ।**

एसिया भरि अन्तर्लिङ्गी मुद्दाको बारेमा जनचेतनाको कमि छ । चिकित्सकहरुले अन्तर्लिङ्गी बालबालिका, किशोरकिशोरी र बयस्कहरुको अनाबश्यक र अमानवीय चिकित्सकीय प्रक्रिया गरिरहेका छन् जसमा 'सामान्यीकरण' शल्यक्रिया र उपचार पर्दछन । किनकि अन्तर्लिङ्गी व्यक्तिहरुको यौन बिशेषता (यौनाङ्ग,गोनाड्स,हर्मोन र क्रोमोजोमको ढाँचा) सहित जन्मेका हुन्छन जुन पुलिङ्गी वा स्त्रीलिङ्गी शरीरको स्पष्ट वर्गमा (बिशेष बाइनरी) धारणामा फिट हुदैनन् । अन्तर्लिङ्गी बालबालिका र बयस्कहरु प्राय लान्छित छन् र तिनको स्वास्थ्य र शारीरिक निष्ठा को अधिकार, अत्याचार र दुर्ब्यबहारबाट मुक्त हुन, समानता र गैर विभेद जस्ता धेरै मानव अधिकार उल्लंघनको सामना गर्छन ।

एसियामा अन्तर्लिङ्गी व्यक्तिहरु, हामी समुदायमा बस्छौं जसले सांस्कृतिक, धार्मिक,परम्परागत चिकित्सकीय विश्वास र अभ्यास द्वारा अन्तर्लिङ्गी व्यक्तिहरुको अनौपचारिक रुपमा विभेद, हिंसा र हत्या भइरेको छ । यसैले हामी सामाजिक बिबिधता, राजनीतिक र कानुनी परिवर्तनका लागि सहयोगी हुनुपर्छ ।

Intersex Asia एउटा स्वायत्त संजाल हो र यसमा एसियाली देशहरूबाट अन्तर्लिङ्गी व्यक्तिहरुले नेतृत्व गरेका संस्था र अन्तर्लिङ्गी व्यक्तिहरु छन् जुन अन्तर्लिङ्गीको बारेमा जानकारी दिने काम गर्दछ र अन्तर्लिङ्गी समुदायले भोग्नु परेका मानव अधिकार उल्लंघन र विभेदको बारेमा जागरुक गर्ने काम गर्छ ।

Asia Intersex फोरम र Intersex Asia पनि तेस्रो अन्तराष्टिय अन्तर्लिङ्गी फोरमको सार्बजनिक बिज्ञप्ति (माल्टा घोषणापत्र known as the Malta Declaration) २०१७ ILGA-Asia पूर्व सम्मेलन को अन्तर्लिङ्गी बिज्ञप्तिलाई सम्झन र पुष्टि गर्दछ, र अन्तर्लिङ्गी व्यक्ति बिरुद्ध हुने विभेदको अन्त्य, एसियामा अन्तर्लिङ्गी व्यक्तिहरुको मानव अधिकारलाई संरक्षण र प्रबर्धन र जीवन को अधिकार, शारीरिक निष्ठा, शारीरिक स्वतन्त्रता र आत्म निर्णयको सुनिश्चित गर्ने माग रख्दछ ।

(सार्बजनिक बिज्ञप्ति हेर्नुहोस)

**बैंकक, थाईल्याण्ड**
**११ फेब्रुअरी २०१८ (२०७४ माघ २८)**

## समस्या

हामी पुष्टि गर्छौं कि अन्तर्लिङ्गी व्यक्ति हरु वास्तविक हुन् । हामी एसिया सहित विश्वका सबै क्षेत्रहरुमा र विश्वका सबै देशमा हामी अवस्थित छौं । त्यसैले अन्तर्लिङ्गी व्यक्तिहरुलाई बिबिध सामाजिक, राजनैतिक, कानुनी परिवर्तनका लागि सहयोग र समर्थन गर्न आवश्यक छ । हामी अन्तर्लिङ्गी अधिकार कर्मी हौं । हामी एसियाको विभिन्न क्षेत्र बाट प्रतिनित्व गर्दछौं । र हामी अन्तर्लिङ्गी व्यक्तिहरुको मानव अधिकारको संरक्षण र प्रबर्धन र विभेद को अन्त्यको लागि एक साथ काम गरिरहेक छौं ।

## मागहरु

• अन्तर्लिङ्गी व्यक्तिहरुलाई भइरेका दुख र अन्याय लाई स्वीकार्न र ध्यानाकर्षण गर्न ।

• अन्तर्लिङ्गी व्यक्तिहरुको लान्छना, उपचार र यौनबादका परिणाममा हुने महत्वपूर्ण आघात र मानसिक स्वास्थ्यको पहिचान गर्न ।

• अन्तर्लिङ्गीहरुको सबै किसिमका लान्छना हटाउन ।

• अन्तर्लिङ्गी व्यक्ति हुनु भनेको जैविक यौन बिशेषता संग सम्बन्धित हो र यो एक व्यक्ति को यौन अभिमुखिकरण र लैङ्गिक पहिचानबाट अलग हुन्छ । एक अन्तर्लिङ्गी व्यक्ति विषमयौनिक, समयौनिक, द्वयौनिक वा अयौनिक हुन सक्छ र तिनीहरुको पहिचान महिला, पुरुष दुइटै वा कुनै पनि नहुन सक्छ भनि पहिचान गर्न ।

• कानुन र अन्य माध्यमबाट अन्तर्लिङ्गी व्यक्ति माथि हुने "सामान्यीकरण" जस्तै यौनांग बन्ध्याकरण, मानसिक तथा अन्य चिकित्सकीय हस्तक्षेपको अन्त्य गर्न, र अन्तर्लिङ्गी व्यक्तिहरु आफ्नै शारीरिक निष्ठा, स्वतन्त्रा र आत्म निर्णयको लागि सशक्त हुनुपर्छ ।

• अन्तर्लिङ्गी भ्रुँणका चयन, बंशाणू पहिचान, गर्भावस्था को परिक्षण, गर्भपतन र अन्य हस्तक्षेपको अन्त्य गर्न ।

• अन्तर्लिङ्गी व्यक्ति र प्रकारको बारेमा जानकारीको कमीले हुने अनुपयुक्त चिकित्सा अभ्यास र पद्दति जस्तै नवजात बालबालिका र भ्रुँणको समयमा हुने स्वास्थ्य हस्तक्षेप, लिंग छनौटका लागि औषधि प्रसाशनको अन्त्य गर्न ।

• अन्तर्लिङ्गी व्यक्तिहरुको सहमति बिना हुने बन्ध्याकरण को अन्त्य गर्न ।

• विश्व स्वास्थ्य संगठनको रोगको अन्तराष्टिय बर्गिकरण जस्तै स्वाथ्य अभ्यास, निर्देशिका,पद्दति, बर्गिकरण र यौन बिशेषता को बर्गीकरणको अन्त्य गर्न ।

• गर्भावस्थाको परामर्श र सहयोगमा मानव अधिकारमा आधारित अन्तर्लिङ्गी शिक्षा समाबेश गर्न ।

• अन्तर्लिङ्गी व्यक्तिहरुको हत्या, परित्याग र हिंसालाई अन्त्य गर्न ।

• पुरुष उत्तराधिकारीको लागि आवश्यक हुन्छ भनेर अन्तर्लिङ्गी बालबालिकाको जबर्जस्ति गरिने सामान्यीकरण शल्यक्रियाको अन्त्य गर्न ।

- अन्तर्लिङ्गी व्यक्तिहरु बांझोपनाको कारण उत्तराधिकारी अधिकारमा अस्वीकार हुदैनन् भन्ने कुराको सुनिश्चित गर्न ।

- अन्तर्लिङ्गी संस्थाहरु र सहयोगी साथी समूह हरु पहिचान,स्रोत र बलिया छन् भनि निश्चय गर्न ।

- अन्तर्लिङ्गी व्यक्तिहरुलाई यौन बिशेषताको आधारमा हुने विभेदलाई विभेद रहित कानुनमा संरक्षण गर्न र इन्टरसेक्शनल विभेद बिरुद्द संरक्षणको निश्चय गर्न ।

- यौन हिंसा र उत्पीडनको कानुनमा अन्तर्लिङ्गी व्यक्तिको संरक्षण गर्न ।

- फरक क्षमता भएका अन्तर्लिङ्गी व्यक्तिहरुको कानुनी सहयोग र संरक्षणको सुनिश्चित गर्न ।

- शरणार्थी अन्तर्लिङ्गी व्यक्तिलाई  विभेद रहित आवश्यक संरक्षण र उपयुक्त मनोबैज्ञानिक सहयोगको पहिचान गर्न ।

- अन्तर्लिङ्गी व्यक्तिहरुका लागि बिबाह र धर्मसन्तानको कानुनमा समान र विभेद रहित कानुनी संरक्षणको सुनिश्चित गर्न ।

- अन्तर्लिङ्गी व्यक्तिलाई कर्यक्षेत्रमा विभेद रहित संरक्षण गर्न ।

- अन्तर्लिङ्गी व्यक्तिहरुका लागि तिनीहरुका परिवार र छिमेकमा सहयोगी, सुरिक्षत र रमणीय बातावरणको सुबिधा दिन र सिर्जना गर्न ।

- अन्तर्लिङ्गी व्यक्तिहरु र तिनीहरुका परिवारलाई सशक्त बनाउन मानव अधिकारमा आधारित अन्तर्लिङ्गी शिक्षा प्रदान गर्न ।

- अन्तर्लिङ्गी व्यक्ति र तिनिहारुका परिवारलाई सम्पर्क गर्न र अन्तर्लिङ्गी समुदाय बनाउन सहयोग गर्न ।

- अन्तर्लिङ्गी व्यक्तिहरुलाई तिनीहरुको आफ्नो स्वास्थ्य रेकर्ड र इतिहासको पहुँच र पूर्ण जानकारी पाउने अधिकारको सुनिश्चित गर्न ।

- जब अन्तर्लिङ्गी व्यक्तिहरु नागरिक र सामाजिक संस्थामा आबद्ध हुन्छन जस्तै अस्पताल, शैक्षिक र सरकारी संस्था तिनीहरुको गोपनियताको अधिकारको संरक्षण गर्न ।

- सबै मानव अधिकार र नागरिक अधिकारको प्राबधानमा अन्तर्लिङ्गी व्यक्तिलाई सुनिश्चित गर्न ।

- अन्तर्लिङ्गी व्यक्ति(स्वयं) का साथ-साथै आमा बुवा र हेरचाह गर्ने व्यक्तिहरुलाई जीवन भर स्वतन्त्र, परिक्षण रहित, मनोसामाजिक र सहकर्मीको सहयोग उपलब्ध गर्न र अन्तर्लिङ्गी व्यक्तिको शारीरिक निष्ठा र भलाईको सुनिश्चित गर्न ।

- अन्तर्लिङ्गी व्यक्तिहरुको भलाईमा सम्पूर्ण स्वास्थ्य सेवा प्रदायक र प्रोफेसर हरुलाई बिशेष भूमिका खेल्न र स्तरीय सेवा प्रदानका लागि प्रयाप्त तालिमको सुनिश्चित गर्न ।

- अन्तर्लिङ्गी व्यक्तिहरुको शारीरिक तथा मानशिक आवश्यकताहरु र समस्याहरुको लागि उपयुक्त र पहुँच योग्य स्वास्थ्य सेवा प्रदान गर्न ।

- अरु व्यक्ति जस्तै अन्तर्लिङ्गी व्यक्तिहरुपनि फरक लिङ्ग र सामाजिक लिङ्गका साथ हुर्कन सक्छन भन्ने जानकारी संगै अन्तर्लिङ्गी बालबालिकाहरुलाई महिला वा पुरुषको रुपमा दर्ता गर्न ।

• सम्बन्धीत व्यक्तिको अनुरोधमा सरल प्रशासनिक प्रक्रिया मार्फत लिंग वा सामाजिक  लिङ्ग को वर्गीकरण र  परिमार्जनको सुनिश्चित गर्न  योग्य छन । सबै वयस्क  र सक्षम व्यक्तिहरु महिला, पुरुष, गैर बाइनरी वा अरु विकल्पहरु चयन गर्न सक्षम हुनुपर्छ । कुनै व्यक्तिहरुका लागि भविष्यमा जन्मदर्ता र पहिचान प्रमाणपत्रहरु जात र धर्म, लिङ्ग र लैंगिकता संग बर्गिकरण हुनुहुदैन ।

• अन्तर्लिङ्गी व्यक्तिहरुको भलाईमा सम्पूर्ण मुख्य व्यक्तिहरुको बिशेष भूमिका रहेको छ । जस्तै स्वास्थ्य सेवा प्रदायक, आमाबुवा, शैक्षिक क्षेत्रमा काम गर्ने व्यक्तिहरुका साथ साथै सामान्यतया समाजमा अन्तर्लिङ्गी मुद्दालाई मानव अधिकारको परिप्रेक्ष्यबाट निर्देशित गर्नको लागि सुनिश्चित गर्न ।

• अन्तर्लिङ्गी व्यक्तिहरुको यौन परिक्षण को अन्त्य गर्न, जसले अन्तर्लिङ्गी व्यक्तिहरुको आधारभूत गोपनियता र आत्मसम्मानलाई उल्लघन गर्दछ र उनीहरुको कानुनी लिङ्ग अनुसार सबै स्तरका प्रतिस्पर्धात्मक खेलमा  सहभागिताको सुनिश्चित गर्न र अन्तर्लिङ्गी खेलाडीहरु जसको पुरस्कार खोसिएको छ तथा अपमानित भएका छन तिनलाइ क्षतीपूर्ति तथा पुनर्बहाली हुनुपर्छ ।

• समुदाय र समाजमा व्यापक रुपमा अन्तर्लिङ्गी मुद्दा र अन्तर्लिङ्गी व्यक्तिहरुको मानव अधिकारको जनचेतना जगाउन ।

• शिक्षाका सबै तहमा मानव अधिकारमा आधारित अन्तर्लिङ्गी शिक्षाका साथ साथै अन्तर्लिङ्गी व्यक्ति र अनुभव समेटिएको बृहत यौनिकता शिक्षा प्रदान गर्न ।

• बिगतमा अन्तर्लिङ्गीका कारणले गर्दा भोगेका पीडा र अन्यायको पर्याप्त प्रमाण प्रदान गर्न र तिनको निदान, क्षतिपूर्ति, न्यायमा पहुँच र सत्यको अधिकार प्रदान गर्न ।

**माथिको दृष्टिकोणमा Asian Intersex अभियान ले भन्छ :**

• अन्तराष्टिय, क्षेत्रीय र राष्टिय मानव अधिकार संस्थाहरुले अन्तर्लिङ्गी मुद्दालाई बोर्डमा लिनुहोस र तिनीहरुको काममा दृश्यता प्रदान गर्नुहोस ।

• राष्टिय सरकारले एसियाली अन्तर्लिङ्गी अभियान द्वरा उठाएका मुद्दालाई स्थापित गर्नुहोस र अन्तर्लिङ्गी प्रतिनिधि र संस्थाहरु सँग प्रतक्ष्य समन्वयमा प्रयाप्त समाधान ल्याउनुहोस ।

• राष्टिय सरकारले अन्तर्लिङ्गी व्यक्तिहरुको सांस्कृतिक घातक अभ्यास जस्ता हिंसा र हत्यालाई रोक्नुहोस ।

• सन्चार माध्यम र स्रोतहरुले अन्तर्लिङ्गी व्यक्तिहरुको गोपनियताको अधिकार, आत्मसम्मान, सहि र नैतिक प्रतिनिधित्वको सुनिश्चित गर्नुहोस ।

• समुदायका नेताहरु अन्तर्लिङ्गी व्यक्तिहरुमा हुने लान्छना र गलत धारणाको समाधानका लागि अन्तर्लिङ्गी शिक्षामा आबद्ध हुनुहोस

• दातृ निकायहरु अन्तर्लिङ्गी व्यक्तिहरुले समाजमा अगाडि आउन गरिरहेको संघर्ष, तिनीहरुको क्षमता अभिबृद्धि, ज्ञानको वृद्धि गर्न र तिनीहरुको मानव अधिकारको प्रोत्साहनका लागि सहयोग गर्नुहोस र अन्तर्लिङ्गी संस्थाहरुमा आबद्ध हुनुहोस ।

• मानव अधिकार संस्थाहरुले अन्तर्लिङ्गी संस्थाहरु संग पुलको काम गर्न सहयोग गर्नुहोस र सार्थक संङ्लग्नाता र पारस्परिक सहयोगको आधार बनाउनु होस् । यो सहयोगको भावनामा हुनुपर्दछ र अरु अन्त्य गर्नको लागि कसैले पनि अन्तर्लिङ्गी मुद्दालाई साधन बनाउनु हुदैन ।

समाप्त

**बिस्तृत जानकारीको लागि कृपया सम्पर्क गर्नुहोस :** Hiker Chiu – Taiwan (Chinese, English): hiker@oii.tw; Gopi Shankar Madurai – India (English, Tamil, Malayalam dan Hindhi): br.gopishankar@gmail.com, +918610539702, +919092282369, @gopishankarmdu; Nada Chaiyajit – Thailand (Thai and English): nada.chaiyajit@gmail.com; Small Luk – Hong Kong, China (Chinese, Cantonese, and English): ivysmall@ymail.com, +85251996331; Esan Regmi – Nepal (Nepali and English): esanregmi@gmail.com, +977 9861336738

**बिज्ञप्तिको नेपालीमा स्वीकृति** : पहिलो एसियाली अन्तर्लिङ्गी बिज्ञप्ति (Asian Intersex Statement) अनुवाद परियोजना RFSL को आर्थिक सहयोगमा द्वारा अन्तर्लिङ्गी एसिया (Intersex Asia) को पहलमा भएको थियो । अन्तर्लिङ्गी एसिया (Intersex Asia) इशान रेग्मी र क्याम्पेन फर चेन्ज नेपालका अन्य सदस्यहरुलाई उहाँहरुको अनुवाद सहयोग र शब्दावली समीक्षाको लागि धन्यवाद व्यक्त गर्दछ ।

Produced by: intersex Asia

Allies: OII-Chinese 國際陰陽人組織中文版 www.oii.tw

Our Sponsors: RFSL Astraea Lesbian Foundation for Justice mama cash